Coronavirus CivActs Campaign presents

FAIR FACTS

CIVIC ACTION TEAMS

अंक
१११
०८।०३।२०७८



लकडाउन पछि घर फर्किएका जलेश्वरका स्थानीय भारततर्फ यातायात खुलेपछि कामको खोजिमा भारतको पञ्जाब र हरियाणा जाने तयारीमा ।

तस्विर: राकेश प्रसाद चौधरी



सिन्धुपाल्चोकको मेलम्चीमा भिषण बाढी, पहिरो र डुबान, अर्बौंको क्षती । पीडित द्वारा उद्धार र सहयोगको लागि अनुरोध ।

थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्

यस अंक भित्र

प्रदेश सरकारले गरेको प्रयास नेपालको स्वास्थ्य क्षेत्र सुधार र आर्थिक पुनरुत्थानको लागि प्रयाप्त छ त ?

आर्थिक पुनरुत्थान र राहतको व्यवस्था गरेको भनेको छ, तर बजेटमा कतै उल्लेख गरिएको देखिदैन ।

सरकारले दातृ निकायबाट स्वास्थ्य सामाग्रीहरु सहयोग पाईरहेको छ, त्यो सामाग्री कहाँ जान्छ ?

कुन अस्पतालमा कती सामाग्री पठायो भनेर विभागले सूचि सार्वजनिक गरेको छ ।

महिलालाई बाँध्ने इज्जतको डोरीले पुरुषलाई बाँध्न मिल्दैन ?

माईतीमा आमा बुवाले र घरमा सासु ससुराले श्रीमानलाई छोइदा कसैले इज्जत गर्दैन भन्छन् ।

फ्याक्ट सिट

के प्रदेश सरकारले गरेको प्रयास नेपालको स्वास्थ्य क्षेत्र सुधार र आर्थिक पुनरुत्थानको लागि प्रयाप्त छ त ?



१ प्रदेश नं. १

जम्मा बजेट

रु. ३२ अर्ब ४६ करोड

प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित (१.६९%)

- कोभिड - १९ उपचार तथा रोकथामको लागि रु. ४४ करोड
- उद्यमशिलता र आर्थिक पुनरुत्थानको लागि रु. १० करोड

अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित (१०.४६%)

- सार्वजनिक स्वास्थ्य सेवालाई सुदृढ गर्न रु. ३ अर्ब २५ करोड
- उद्योगको क्षमता विकास गर्न रु. १ करोड ५० लाख

२ प्रदेश नं. २

जम्मा बजेट

रु. ३३ अर्ब ७९ करोड

प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित (१.०३%)

- स्वास्थ्य उपकरण खरिद गर्न रु. २० करोड
- कोभिड - १९ का कारण रोजगारी गुमाएका युवाहरुलाई सहयोग गर्न रु. १० करोड

अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित (२.४%)

- अस्पतालको क्षमता बृद्धी गर्न रु. ४५ करोड
- वैकल्पिक उपचारको लागि रु. ४३ करोड
- एक विद्यालय एक नर्स कार्यक्रमको लागि रु. ३५ करोड
- उद्योग विकास सहायताका लागि रु. २८ करोड ५० लाख

३ बागमती प्रदेश

जम्मा बजेट

रु. ५७ अर्ब ७२ करोड

प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित (३.४७%)

- खोप कार्यक्रमका लागि रु. २ अर्ब

अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित (८.११%)

- आर्थिक पुनरुत्थानको लागि रु. २ अर्ब
- स्वास्थ्य संरचना निर्माण गर्न रु. २ अर्ब ४२ करोड
- एक विद्यालय एक नर्स कार्यक्रमको लागि रु. २६ करोड

प्रदेश नं. १, प्रदेश नं. २ र बागमती प्रदेशले भर्खरै सार्वजनिक गरेको वार्षिक बजेटको उद्देश्य र प्राथमिकतामा आर्थिक पुनरुत्थान र राहतलाई राखिए पनि बजेट बिनियोजनमा त्यो प्रतिबिम्बित हुँदैन । यसरी हेर्दा, प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित बजेट को तुलनामा अप्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित बजेटको अंश धेरै ठुलो छ । प्रदेश सरकारले आर्थिक पुनरुत्थान र राहतको व्यवस्था गरेको भनेको छ, तर बजेटमा कतै उल्लेख गरिएको देखिदैन । उद्योग दर्ता, नविकरण र जरिवानामा केहि छुट दिइएको छ, तर निजी उद्योगले व्यहोरेको क्षतीको तुलनामा यो छुट एकदमै न्युन हो । पक्कै पनि निजी क्षेत्रलाई उकास्न यो बजेटले धेरै सहयोग गर्न सक्दछ । नागरिकको आर्थिक स्तर सुधार गरी वस्तुको माग श्रृजना गरेर उद्योगलाई सहयोग गर्ने एउटा उपाय हुनसक्छ ।

हल्ला र तथ्य

अब जोर बिजोर प्रणली अनुसार काठमाण्डौ उपत्यकाबाट बाहिरी जिल्लामा जान पाईने र बाहिरबाट उपत्यका प्रवेशगर्न पाईने भन्ने सुनिन्छ ?

होइन, निशेधाज्ञा खुकुलो पारेर जोर बिजोर प्रणाली अनुसार निजी सवारी साधन चलाउन पाउने नियम काठमाण्डौ उपत्यकाका तिन जिल्ला काठमाण्डौ, भक्तपुर र ललितपुर भित्रमात्र लागु हुनेछ । काठमाण्डौ उपत्यकाबाट अत्यावश्यकिय काम परेर बाहिरी जिल्लामा जानुपरेमा साविकको जस्तै जिल्ला प्रशासन कार्यालयले जारी गरेको पास आवश्यक पर्नेछ भने, अन्य जिल्लाबाट पास लिएर आएका बाहेकले उपत्यका प्रवेश पाउने छैनन् ।

Source: https://daokathmandu.moha.gov.np/public/upload/

सरकारले अहिले हरेक दिनजसो कुनै न कुनै दातृ निकायबाट स्वास्थ्य सामाग्रीहरु सहयोग बापत पाईरहेको समाचार आउँछ । वास्तवमै त्यो सामाग्री कहाँ जान्छ ? अस्पतालमा त अहिले पनि स्वास्थ्य उपकरणको अभाव उस्तै देखिन्छ त ?

विभिन्न दातृ निकायबाट प्राप्त स्वास्थ्य सामाग्री सरकारले आवश्यकता अनुसार देशभरीका अस्पतालहरुमा पठाईरहेको जनाएको छ । कुन अस्पतालमा कती मात्रामा कुन सामाग्री पठायो भनेर स्वास्थ्य सेवा विभागले सूचि नै सार्वजनिक गरेको छ । विस्तृत विवरण तलको लिंकमा हेर्न सक्नुहुनेछ ।

Source: https://dohs.gov.np/health-facilitywise-issued-16-june-2021/

वैदेशिक रोजगारीमा जान सरकारले तोकेको प्रयोगशालामा मात्र पिसिआर परीक्षण गर्नुपर्ने हो र ? पत्रिकामा त यहाँ वैदेशिक रोजगारीमा जानेको पिसिआर परीक्षण गरिन्छ भनेर आईरहेको हुन्छ त ?

हो, सरकारले वैदेशिक रोजगारीमा जाने व्यक्तिको पिसिआर परीक्षणको मान्यता सबै सरकारी पिसिआर परीक्षण गर्ने प्रयोगशाला र न्युनतम १०० बेड भएका निजी अस्पतालका प्रयोगशालालाई मात्र दिएको छ । यदि तपाई पनि वैदेशिक रोजगारीमा जानको लागि पिसिआर परीक्षण गराउँदै हुनुहुन्छ भने, विज्ञापनको मात्र भर नपरेर सो प्रयोगशाले माथि उल्लेख गरिए बमोजिम मापदण्ड पुरा गरेको छ वा छैन निक्यौल गरेर मात्र परीक्षण गर्नुहोस् ।

Source: https://cutt.ly/jn0vWuL

कोभिड - १९ को समयमा सुस्त प्रतिकार्य

कोभिड - १९ प्रतिकार्य विरुद्ध भएका विरोध र सरकारले गरेका निर्णयहरु

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा **भ्रष्टाचार, अप्रभावकारी व्यवस्था** र **इमानदार नेतृत्वको कमीले** ?

१७, जनवरी २०२०
नेपालमै पहिलो पिसिआर परीक्षण शुरु भयो

२९ मार्च २०२०
बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पिसिआर परीक्षण शुरु भयो

३१ मार्च२०२०
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पिसिआर परीक्षण शुरु भयो

६ अप्रिल २०२०
नेपालका सातै प्रदेशका १० वटा प्रयोगशालाबाट पिसिआर परीक्षण शुरु भयो

१४ मे २०२१
सरकारले अक्सिजन सिलिण्डर आयात गर्न शुरु गऱ्यो

जनवरी २०२०	अप्रिल २०२०	जुलाई २०२०	अक्टोबर २०२०	जनवरी २०२१	अप्रिल २०२१
०	४५	१७	६	२	११
विरोधका घटना बदर्ता	विरोधका घटना बदर्ता	विरोधका घटना बदर्ता	विरोधका घटना बदर्ता	विरोधका घटना बदर्ता	विरोधका घटना बदर्ता

पहिलो देशव्यापी लकडाउन :
२०७६ चैत्र ११ देखी **श्रावण ७** गते सम्म

फेरी पनि केही जिल्लामा लकडाउन :
२०७७ श्रावण महिनाको मध्य देखी **२०७७ असोज १** गते सम्म

प्राय सबै जिल्लामा कुनै न कुनै प्रकारको निषेधाज्ञा :
२०७८ बैशाख १३ गते देखी **हाल सम्म**

स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।

२०२० को अप्रिल महिनाको अन्त्य सम्म पनि कोभिड प्रतिकार्यमा सरकारको कदमप्रति आम नागरिकले विरोध जनाएका थिएनन्, जब की संक्रमण विस्तारै बढ्दैथियो । त्यो समयमा स्वास्थ्य उपकरण र टेष्टिङ किटको चरम अभाव थियो । २०२० को अन्त्य सम्म सरकारले परीक्षण गर्ने प्रयोगशालाको संख्या बढायो, अवस्था पनि सामान्य तर्फ अगाडी बढ्यो र बिरोधका घटना पनि विस्तारै घट्दैगए । जब नेपालमा कोरोनाको दोस्रो लहर शुरु भयो, अक्सिजन सिलिण्डरको अभाव देखियो र विरोधका घटना पनि बढ्नथाले । यसरी हेर्दा, दुबै लहरमा एउटा समानता देखिन्छ, त्यो भनेको विरोध भईसकेपछि मात्र सकृय हुने सरकारको प्रवृत्ती । यो प्रवृत्तीले संकटको समयमा सरकारको प्रतिकार्य अपेक्षा गरिए भन्दा धेरै नै सुस्त रहेको देखाउँछ । आगामी आर्थिक वर्षको लागि सरकारले बजेट पनि ल्याईसकेको छ । यसमा सरकारले व्यवहारत: कोभिड प्रतिकार्यलाई प्राथमिकतामा राख्नुका साथै स्वास्थ्य संरचनालाई सुदृढ गर्नमा ध्यान केन्द्रित गर्नुपर्दछ ।

Source: https://nepalmonitor.org/

श्रमिक साथी

Shramik Sanjal

वैदेशिक रोजगारीबाट नेपाल फर्किने श्रमिकको क्वारेन्टाईन खर्च सरकारले व्यहोर्ने

अहिलेको नियम अनुसार मध्यपूर्वका ६ वटा र मलेसियाबाट नेपाल फर्किने श्रमिकले ५ दिन अनिवार्य क्वारेन्टाईनमा बस्नुपर्ने छ । यदी कोरोना परिक्षण गर्दा पोजेटिभ रिपोर्ट आएमा थप १० दिन क्वारेन्टाईनमा बस्नुपर्ने छ । यस्तो अवस्थामा सरकारले थपिएको १० दिनको क्वारेन्टाईन खर्च व्यहोर्ने छ । तर, ५ दिन अनिवार्य बस्नुपर्ने क्वारेन्टाईन खर्च भने श्रमिक आफैले व्यहोर्नुपर्ने छ ।

यूएई:

जुन २३ देखी लागू हुनेगरी दक्षिण अफ्रिका, नाईजेरिया र भारतबाट यात्रुहरु आउन सक्नेछन् । तर यि देशबाट आउँदा यूएईले मान्यता दिएका ४ खोप (सिनोफार्म, फाइजर बायोटेक, स्पुतनिक र अक्सफोर्ड अस्ट्राजेनिका) को दुबै डोज लगाएको हुनुपर्ने छ । योसँगै, ४८ घण्टा भन्दा कमको पिसिआरको क्युआर कोड सहितको नेगेटिभ रिपोर्ट पनि साथमा हुनुपर्ने छ ।

कुवेत:

कुवेतले अनुमोदन गरेको अक्सफोर्ड/अस्ट्राजेनिका, फाइजर, मोडर्ना र जोनसन एण्ड जोन्सन खोप लगाएका आप्रवासीहरुले १ अगष्ट, २०२१ बाट कुवेत आउन पाउने छन । उनिहरु ७ दिन होम क्वेरन्टाईन बस्नुपर्ने छ । पिसिआर नेगेटिभ आएमा काममा जान सक्नेछन् ।

२७ जुनबाट लागूहुने गरी कोरोना बिरुद्दको खोप नलगाएका व्यक्तिहरुलाई सपिङ मल, रेष्टुरेण्ट, लुन र प्रमुख कम्प्लेक्समा प्रवेश गर्न दिइने छैन ।

कुवेतले हाई रिस्क र लो रिस्क देशको लिस्ट हटायो । कुवेतले अनुमोदन गरेका खोप लगाएका सबै आप्रवासीहरुले कुनै पनि देशबाट स्वास्थ्य मापदण्ड पुरा गर्दै कुवेत आउन पाउने ।

कुवेतको भिषा भएर पनि कुवेत बाहिर अड्किएका आप्रवासीको भिषा अवधी सकिएको छ भने अनलाइनबाटै नविकरण गर्न सकिने छ ।

कतार:

कतारले विश्वकप २०२२ हेर्न आउने १० लाख दर्शकलाई कोरोनाभाइरसको खोप नि:शुल्क लगाइदिने भएको छ ।

FIFA WORLD CUP Qatar2022

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

कथा किनाराको

महिलालाई बाँध्ने इज्जतको डोरीले पुरुषलाई बाँध्न मिल्दैन ?

झापाकी सरिता (नाम परिवर्तन) भर्खर २५ वर्षकी भईन् । उनको करिब ६ वर्ष अगाडी झापाकै एक युवकसँग मागी बिवाह भयो । हाल उनीसँग ५ वर्षकी छोरी पनि छिन् । बिवाह भएको केही समय पश्चात उनले श्रीमान लागुऔषधको दुर्व्यहनी भएको थाहा पाईन् । उनका श्रीमान वैदेशिक रोजगारीमा जाने भएकोले पनि सुधिएलान भन्ने आशा राखिन् । बिचबिचमा उनका श्रीमान घर आईरहन्थे । थोरै समय घर बसेर फेरी वैदेशिक रोजगारीमै फर्कन्थे । त्यो समयमा पनि उनले कहिल्यै सरितालाई समय दिएनन्, न त कुनै सहयोग नै गरे । छोटो समयको लागि घर बस्ने हुँदा वरपर, साथीभाई, परिवार सबैलाई समय दिनैपर्‍यो भनेर सरिताले चित्त बुझाईन् ।

कोरोनाको लहर शुरु भए पश्चात उनका श्रीमान पनि घर फर्किए । रोजगारी गुमे पनि श्रीमानसँगै बस्न पाउने भएपछि सरिता खुसी नै थिईन् । तर, उनले आशा गरे अनुसार उनका श्रीमान फेरिएनन् । यस पटक लामो समय परिवारसँगै बसे पनि उनले सरितालाई कुनै वास्ता गरेनन् । उल्टै श्रीमतीमाथी शंका गर्नथाले । लकडाउनको समयमा श्रीमानसँगै घरमा बस्दा सरितालाई झनै तनाव हुनथाल्यो । श्रीमानले गालिगलौज गर्दै शारीरिक यातना समेत दिनथाले ।



> तर, लकडाउन भएकोले कतै जान पनि सक्दिनन् । माईतीमा आमा बुवाले पनि घरको इज्जत हेरेस छोरी भन्ने गर्दछन् । यता सासु ससुराले घरमा श्रीमानलाई छोइदा कसैले इज्जत गर्दैन भन्ने गर्दछन् ।

अब उनले तथाकथित इज्जत राख्न पनि आफ्ना दुःख कसैलाई सुनाउन सक्दिनन् ।

बिवाह गरेको लामो समय भईसक्दा पनि श्रीमानबाट कुनै माया अनी सहयोग नपाएकी सरितालाई अहिले भने श्रीमान वास्तवमै गलत रहेछन् भन्ने लागेको छ । अहिले उनलाई सबै भन्दा बढी चिन्ता लकडाउनको समयमा एउटै घरमा श्रीमानसँगै कसरी बस्ने भन्ने छ । अर्को तर्फ, श्रीमानसँगको सम्बन्धले ५ वर्षको छोरीको मस्तिस्कमा कस्तो प्रभाव पर्ला भन्ने छ । के वास्तवमै समाजमा महिलालाई बाँध्ने इज्जतको डोरीले पुरुषलाई बाँध्न मिल्दैन ?

भोइसेस आउट लाउड - मेरो कुरा

यसपटक जलेश्वर अस्पतालमा जोखिममा रहेका संक्रमितहरुको मात्र उपचार भइरहेको छ । अधिकांश संक्रमितमा निमोनियाको समस्या थियो । अस्पतालमा बढीमा १५ दिनसम्मको बसाईमा संक्रमितहरुलाई घर पठाउन सफल भएका छौं । यहाँ भेन्टिलेटरको सुविधा नरहेकोले बाहिर पठाउनैपर्ने संक्रमितलाई मात्र पठाएका थियौं । गत वर्ष रेफर अस्पतालको आरोप लागेको यो ठाउँबाट थोरै बिरामी मात्र बाहिर पठाइएको हो । त्यसमाथी परिवारजनको बाहिर रेफर गरिदिन दबाब आउने गरेको थियो । तर पनि हामीले यहाँको उपचारमा विश्वास गर्न भनेका थियौं र उनिहरुलाई निको पार्न सफल पनि भयौं ।

डा.सुभाष मिश्रा,

मेडिकल अधिकृत एवं कोभिड अस्पताल फोकल पर्सन, जलेश्वर अस्पताल, महोत्तरी

सामी चौधरी

स्टाफ नर्स,
जलेश्वर अस्पताल, महोत्तरी

संक्रमितहरु अस्पतालमा पुगेपछि डाक्टरले सुई लगाएर मार्छन भन्ने मनस्थिती लिएर आउने गर्दथे । शुरुमा उनिहरुलाई परामर्श दिन एकदम गाह्रो भयो । हामी तपाईहरुको सेवामा दिनरात खटिएका छौं र त केही भएको छैन भनेर आफ्नै उदाहरण दिने गरेको छौं । हामिले संक्रमितलाई तपाई चाँडै सञ्चो भएर फर्किनुहुन्छ भनेर हौसला दिने गरेकाछौं । कोभिड संक्रमितको उपचारमा संलग्न भएदेखी घर गएको छैन । अस्पतालले नै खाने बस्ने व्यवस्था मिलाएको छ । म गत वर्ष पनि कोभिड अस्पतालमा खटिएको थिए, तर पनि जोखिम भत्ता पाईन । यसले कहिलेकाहीँ निरास बनाउँछ ।

FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

फेयर फ्याक्ट्स *महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।*

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणलीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । **Civic Action Team** *कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।*

Brought to you by:

accountabilitylab communities

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

REACH OUT TO US ON

@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219